**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २२ जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीहरुको विशेष गहन पुनरीक्षण-**एस.आई.आर.** संबंधी सर्वोच्च न्यायालय को आदेशलाई लागू गरिने निर्देश जारी गरेको छ।

- पश्चिम बंगाल स्कूल सेवा आयोग (एसएससी) ले उच्च माध्यमिक कक्षा 11 औ अनि १२ औ को लागि शिक्षक नियुक्ति को अंतिम मेधा सूची जारी गरेको छ।

- राज्यको राजधानी कोलकाता मा आज 49 औ अंतर्राष्ट्रीय कोलकाता पुस्तक मेला शुरू भएको छ।

- राज्यका विभिन्न भागहरु साथै दार्जीलिङ्ग पहाड़मा भोलि माता सरस्वतीको पुजा- अर्चनाको लागि भक्तजनहरु विभिन्न तयारीहरुमा लागि परेका छन्।

- अखिल भारतीय पुलिस ह्यान्डबल क्लसटर २०२५-२०२६ प्रतियोगीताको आज खेलिएको सेमिफाइनल भिडन्तमा पंजाब पुलिसले एसएसबीलाई पराजित गरेर फाइनलमा प्रवेश गरेको छ|

**निर्वाचन आयोग-पश्चिम बंगाल विशेष सूचना**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीहरुको विशेष गहन पुनरीक्षण-**एस.आई.आर.** संबंधी सर्वोच्च न्यायालय को आदेशलाई लागू गरिने निर्देश जारी गरेको छ। यसमा तार्किक विसंगतीहरु तथा अनिर्धारित श्रेणीहरु अंतर्गत नामहरुलाई सार्वजनिक रूपले प्रदर्शित गर्न अनिवार्य छ अनि प्रभावित मतदाताहरुलाई निर्धारित समय सीमा भित्र दस्तावेज जमा गर्न अनि सुनवाईको अवसर प्रदान गरिएको छ। आयोगले पश्चिम बंगालका अधिकारीहरुलाई चलिरहेको एस.आई.आर. 2026 सित संबंधित सर्वोच्च न्यायालय को यस महीनाको आदेशलाई सख्तीसित पालन गरिने निर्देश पनि दिएको छ। यसमा राज्य प्रशासन अनि पुलिसलाई पर्याप्त जनशक्ति सुनिश्चित गर्ने , सुनवाई सुचारू रूपले संचालित गर्ने अनि कानून व्यवस्था बनाई राख्ने निर्देश दिइएको छ, तथा अनुपालन नगरिएको खण्डमा कड़ा कार्यवाही गरिने प्रावधान पनि रहेको छ। चुनाव आयोगले पश्चिम बंगाल का डीजीपी, कोलकाता का पुलिस आयुक्त, सबै जिला अधिकारीहरु, अन्य सबै पुलिस आयुक्तहरु अनि सबै पुलिस अधिक्षकहरुलाई एसआईआरको अवधि कड़ा कानून व्यवस्था सुनिश्चित गर्ने निर्देश दिएको छ। मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालको जनतासित पनि कानून आफ्नो हाथमा लिने अनुमति नदिइने अनि यस्ता सबै मामलाहरुमा कड़ा कार्यवाही गरिने कुरो बताउनुभएको छ।

**एसएससी**

पश्चिम बंगालका हजारौ शिक्षित युवाहरुको लामो समयदेखि चलिआइरहेको प्रतीक्षाको अंत गर्दै स्कूल सेवा आयोग (एसएससी) ले हिज बेलुकी उच्च माध्यमिक कक्षा 11 औ अनि १२ औ को लागि शिक्षक नियुक्ति को अंतिम मेधा सूची जारी गरेको छ। आयोग अनुसार, यस सूचीमा लगभग 18 हजार 900 अभ्यर्थीहरुको नाम शामेल छन्, जसमा 12 हजार 445 रिक्त पदहरुमा शिक्षकहरुको नियुक्ति गरिनेछ। आयोगले यस पटक नियुक्ति प्रक्रियामा पारदर्शिता बनाउँदै पैनल, प्रतीक्षा सूची अर्थात वेटिंग लिस्ट साथै असफल अभ्यर्थीहरुको सूची पनि सार्वजनिक गरेको छ। उल्लेखनीय छ 11 औ अनि 12 औ श्रेणीका 35 विषयहरुमा कुल 12 हजार 445 रिक्त स्थानहरु घोषित गरिएको छ। यस नियुक्ति प्रक्रिया अन्तर्गत पहिलो चरणमा २० हजार ७७ अभ्यर्थीहरुलाई बोलाइएको थियो। दस्तावेज़ सत्यापन को प्रक्रिया गत वर्ष 18 नवंबरदेखि चार दिसंबर सम्म चल्यो, जसपछि शैक्षणिक योग्यतासित संबंधित विसंगतीहरुको कारण 1 हजार 287 अभ्यर्थीको उम्मीदवारी निरस्त गरियो। यसै बीच विकास भवन सूत्रले आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै यसै महिनाको अंत सम्ममा परामर्श अर्थात काउंसलिंग प्रक्रिया शुरू गर्न सकिनेछ।

**शाह-नवीन भ्रमण**

भारतीय जनता पार्टी का नव-निर्वाचित राष्ट्रीय अध्यक्ष नितिन नवीन अनि केंद्रीय गृहमंत्री अमित शाह को यस महीना पश्चिम बंगालको क्रमिक भ्रमण पूर्ण रुपले पार्टीको आंतरिक संगठनात्मक बैठकहरुमाथि केंद्रित रहनेछ। दुवै नेताको बंगाल भ्रमणको अवधि राज्य मा यस वर्ष हुन गइरहेको विधानसभा चुनावलाई लिएर रणनीति अनि मुद्दाहरुमाथि मंथन गरिनेछ। पश्चिम बंगाल भाजपाको राज्य समिति का एक सदस्य अनुसार, यस महिना दुवै नेताको भ्रमण अवधि कुनै पनि सार्वजनिक रैली तथा रोड शो गरिने छैन। विशेष गरी केंद्रीय गृहमंत्री अमित शाहले पुर्ण रुपले संगठनात्मक बैठकहरुमा ध्यान दिनुहुनेछ। यी बैठकहरुमा चुनावी रणनीति अनि राज्यसित जुड़ेका अहम मुद्दाहरुमाथि चर्चा गरिनेछ। जानकारी अनुसार नितिन नवीन आगामी 27 जनवरीको दिन दुइ दिवसीय भ्रमणमा कोलकाता आउनुहुनेछ भने केंद्रीय गृह मंत्री अमित शाह आगामी 30 जनवरीको दिन एक दिवसीय भ्रमणमा पश्चिम बंगाल आउनुहुनेछ। राज्य समिति का सदस्य अनुसार पश्चिम बंगाल विधानसभा चुनाव को तारीखहरु फरवरीको अंत तथा मार्च को शुरुआत मा घोषित हुने संभावना रहेको छ।

**कोलकाता पुस्तक मेला**

राज्यको राजधानी कोलकाता मा आज 49 औ अंतर्राष्ट्रीय कोलकाता पुस्तक मेला शुरू भएको छ। यो मेला सॉल्ट लेक स्थित बोई-मेला मैदानमा आयोजित गरिन्दैछ। प्रकाशक अनि पुस्तक विक्रेता संघ द्वारा आयोजित यस पुस्तक मेलाले प्रत्येक वर्ष हजारौं पुस्तक प्रेमीहरुलाई आकर्षित गर्दछ। मुख्यमंत्री ममता बनर्जीले यस आयोजनको उद्घाटन गर्नुभयो। यस वर्ष मुख्य केंद्र बिंदु देश 'अर्जेंटीना' रहेको छ। पुस्तक मेलामा एक हजार भन्दा अधिक स्टॉल छन्। चीन 15 वर्षको अंतराल पछि यस मेलामा शामेल भइरहेको छ। ब्रिटेन, जर्मनी, फ्रांस, ऑस्ट्रेलिया अनि लैटिन अमरीकाका धैरे देशले पनि पुस्तक मेलामा भाग लिएका छन् भने अमरीका अनि बांग्लादेशले यस वर्ष भाग लिएको छैन। उद्घाटन समारोह मा आकाशवाणी का पूर्व अधिकारी स्वप्नोमय चक्रवर्तीलाई जीवन निर्वाह पुरस्कारद्वारा सम्मानित गरिएको पनि बताइएको छ।

**पुलिस-स्थानान्तरण**

पश्चिम बंगाल विधानसभा चुनावको तारीखहरुको घोषणा अघि प्रशासनिक स्तर मा परिवर्तन शुरू भएको छ। यसै क्रम मा सिलगड़ी मेट्रोपोलिटन पुलिस कमिश्नरेटले 28 जना सब-इंस्पेक्टर रैंक का पुलिस अधिकारीहरुको स्थानान्तरणको पहिलो सूची गत बुधवार रात जारी गरिएको छ। चुनाव आयोगको निर्देशानुसार यो स्थाननातरण गरिएको हो। पुलिस सूत्र अनुसार, चाँड़ै नै इंस्पेक्टर रैंक अनि वरिष्ठ अधिकारीहरुको स्थानान्तरणको सूची पनि जारी गरिनेछ।

**सिलगढ़ी- विधायक निधि**

विधायक क्षेत्र विकास निधिको राशि जारी नभएको विरोध मा सिलीगुड़ी का भाजपा विधायक शंकर घोष 24 घंटे अनशनमा बसेका छन्। यो अनशन आज बिहान आठ बजे सिलगड़ी को हाथी मोड़ मा शुरू भयो, जुन चाहिँ भोलि 23 जनवरी बिहान आठ बजे सम्म चल्नेछ। विधायक शंकर घोषले लामो समयदेखि राज्य सरकार अनि जिला प्रशासन द्वारा विधायक विकास निधि को राशि

रोकिएको आरोप लगाएका छन्, जस कारण क्षेत्र मा धेरै विकास कार्य ठप पड़िरहेका छन्। यसैको विरोधमा उहाँले शांतिपूर्ण तरीकाले अनशन शुरू गरेका हुन्। अनशन स्थलमा भाजपाका धेरै नेता, कार्यकर्ता अनि समर्थक उपस्थित थिए। यसै बीच, पुलिस प्रशासनको तर्फबाट पनि स्थितिमाथि निगराणी राखिन्दैछ।

**सरस्वती पुजा**

देश तथा राज्यका विभिन्न भागहरुमा भोलि विध्याको देवी माता सरवस्तीको पुजा अर्चना गरिनेछ। यसको साथै दार्जीलिङ्ग पहाड़मा पनि माता सरस्वतीको पुजाको लागि भक्तजनहरु पुजा पण्डालहरु बनाउनमा लागि परेका छन्। विभिन्न पुजा पण्डालहरुमा आज माता सरस्वतीको मूर्ती स्थापित गरिएको छ। भक्तजनहरु विशेष गरी साना नानी एवं छात्र-छात्राहरु माता सरस्वतीको पुजा गर्न उत्साहित देखिएको छ।

**पुरस्कार सरस्वती पुजा**

खरसाङको वार्ड नन्बर 1 देखि वार्ड नम्बर 20 अनि 28 र 29 नम्बर समष्टिमा रहेका उत्कृष्ट सरस्वती पूजालाई पुरस्कृत गरिने भएको छ। 28 नम्बर खरसाङ चिमनी देवराली समष्टीको सभासद श्याम शेर्पाले जानकारी गराए अनुसार भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको इभेन्ट म्यानेजमेन्ट ग्रुप साथै जीटीए प्रमुख अनित थापाको सहयोगमा  यस वर्ष उत्कृष्ट रहेको सरस्वती पूजाहरुमा प्रथमलाई पन्ध्र हजार (15,000), दोस्रोलाई दश (10,000) हजार अनि तेस्रोलाई पाँच हजार (5,000) रुपियाँ साथै ट्रफी अनि प्रमाण पत्र प्रदान गरेर पुरस्कृत गरिने भएको छ।

**कोलकाता-प्रदूषण**

कोलकातामा लगातार बढ़दो वायु प्रदूषणमाथि अंकुश लगाउनकालागि कोलकाता नगर निगम (केएमसी) द्वारा उठाइएको कदमहरुलाई पर्यावरणविदहरुले अपर्याप्त रहेको बताएका छन्। कलकत्ता उच्च न्यायालयद्वारा प्रदूषण को मुद्दामाथि स्वतः संज्ञान लिइएको एक दिन पछि मेयर फिरहाद हकीमले शहर का सबै थानाहरु अनि ट्रैफिक गार्डलाई सक्रिय भूमिका निर्वाह गर्ने निर्देश दिएका थिए। यद्धपी, विशेषज्ञहरु अनुसार यो प्रयास धेरै कम्ती अनि धेरै विलम्भले गरिएको छ। पर्यावरणविदहरु अनुसार कोलकाता लामो समयदेखि गंभीर वायु प्रदूषणको समस्यासित जुझि रहेको छ, तर धेरै आवश्यक उपायहरुलाई हाल सम्म कड़ासित लागू गरिएको छैन। हिज बुधवार मेयर फिरहाद हकीमले नगर निगम मुख्यालयमा एक उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभएको थियो, जसमा पर्यावरण विभाग अनि उद्यान विभाग का प्रभारी मेयर-इन-काउंसिल सदस्य, कोलकाता पुलिस का वरिष्ठ अधिकारी तथा विभिन्न सरकारी एवं निजी एजेंसीहरुका प्रतिनिधि शामेल थिए। यद्धपी, निगम सूत्र अनुसार, यस महत्वपूर्ण बैठकमा राज्य प्रदूषण नियंत्रण बोर्डका कुनै प्रतिनिधि उपस्थित थिएन। बैठकमा मेयरले खुलामा आगो जलाउन, वाहनहरुबाट निस्कने धुँआ, सुक्खा पत्ताहरु अनि काठहरु जलाउने जस्ता गतिविधिहरुमाथि कड़ासित नियंत्रण को निर्देश दिएका छन्। उहाँले निर्माण स्थलहरुलाई घेरने, धुलो अधिक उड़ने क्षेत्रहरुमा नियमित रूपले पानी छर्कने अनि निर्माण कार्यहरुबाट उत्पन्न ढुंगा-माटोलाई सड़कहरुमा जमा हुन नदिन माथि पनि जोड़ दिनुभएको छ। मेयरले पुरानो अनि प्रदूषण फैलाउने वाहनहरु विशेष गरी कालो धुआं छोड़्ने डीजल वाहनहरु माथि निगरानी बढ़ाउने निर्देश पनि दिएको छ। पर्यावरणविदहरुले कोलकाताको लागि खराब वायु गुणवत्ता सूचकांक (एक्यूआई) को स्थिति मा ग्रेडेड रिस्पॉन्स एक्शन प्लान (ग्रैप) लाई तत्काल लागू गर्न समय को मांग रहेको पनि बताएका छन्। उनीहरुले डीजल वाहनहरुबाट निस्कने धुआं, फोहोर मैला जलाउन अनि निर्माणस्थलहरुबाट उड़ने धुलो शहरमा प्रदूषणको प्रमुख कारण रहेको बताइएका छन्।

**अखिल भारतीय पुलिस ह्यान्डबल**

अखिल भारतीय पुलिस ह्यान्डबल क्लसटर २०२५-२०२६ प्रतियोगीताको आज खेलिएको सेमिफाइनल भिडन्तमा पुरुष ह्याण्डबलको सेमिफाइनलमा पंजाब पुलिसले एसएसबीलाई 37-29 अंकले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ|महिला ह्याण्डबलमा एसएसबीले राजस्थान पुलिसलाई 54-42 अंकले पराजित गरेर फाइनलमा जगा बनाएको छ|यसैरी नै पुरुष

बास्केटबलमा केरला पुलिसले पंजाबलाई 78-60 अंकको अन्तरले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ|महिला बास्केटबलमा एसएसबीले उत्तर प्रदेश पुलिसलाई 54-42 अंकले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ| बाँकी चार सेमीफाइनल म्याच भोली खेलिइने छ जसमा पुरुष बास्केटबल अनि ह्याण्डबल दुवै भिडन्त उत्तर प्रदेश अनि सीआइएसएफबीच खेलीइने छ|महिला बास्केटबल सेमिफाइनल भिडन्त केरला र राजस्थान पुलिसबीच एवं महिला ह्याण्डबल सेमीफाइनल पंजाब बीएसएफबीच खेलीइनेछ|सबै चार फाइनल म्याच भोली २३ जनवरीमा खेलिनेछ| यस प्रतियोगीताका सचीव तथा एसएसबीका आइजी वन्दन साक्सेनाले भन्नुभयो यस प्रतियोगीताको मुख्य उद्धेश्य पुलिस बलहरुबीच खेल संस्कृति, एवं भावनालाई प्रोत्साहित गर्नु हो|

यस प्रतियोगीताको समापनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुर तथा एसएसबीबीच महानिदेशक संजय सिंहल उपस्थित रहनुहुनेछ|देशको पुलिस तथा सशसत्र बलको लागि यो एक प्रतिष्ठित प्रतियोगीता हो|यसको शुरुवात केन्द्रीय गृहमन्त्रालयबाट अनुमोदन २०२५ मा भएको थियो| पहिलो ह्याण्डबल क्लासटर म्याच २०२४-२०२५ मा लखनउमा आयोजन गरिएको थियो|

प्रधानमन्त्री नरेन्द्र मोदीको फिट इन्डिया र खेलो इन्डिया अभियान अन्तर्गत, दोस्रो अखिल भारतीय पुलिस ह्यान्डबल क्लस्टर २०२५-२६, राष्ट्रिय च्याम्पियनशिप सिलिगुडीको सशस्त्र सीमा बल (एसएसबी) फ्रन्टियर मुख्यालय क्याम्पसमा चलिरहेको छ। यसको उद्घाटन १९ जनवरीमा भारतीय टेबल टेनिस खेलाडी तथा अर्जुन पुरस्कार विजेता श्रीमती मन्टु घोष र एसएसबीका महानिरीक्षक वन्दन सक्सेनाको उपस्थितिमा भारतीय हक्की टोलीका पूर्व कप्तान भरत छेत्रीले गर्नुभएको थियो। यस प्रतियोगितामा देशका विभिन्न राज्यका पुलिस र केन्द्रीय सशस्त्र बलका ३० वटा संगठनका ८० टीमका १४०० (चौध सय) भन्दा बढी खेलाडीहरूले भाग लिइरहेका छन्| यो म्याच २३ जनवरीमा नेताजी सुभाषचन्द्र बोसको जन्मजयन्तीमा समापन हुनेछ।फाइनल म्याचहरुका विजेता टीमहरुलाई राज्यपालले ट्रफी मेडल आदि प्रदान गर्नुहुनेछ|भोली यसको समापन हुनेछ|

## विन्टर कोचिङ

खरसाङको मन्टिभियट खेल मैदानमा खरसाङको प्रतिष्ठित हिल्स फुटबल एकाडमीले विन्टर फुटबल कोचिङ क्याम्प शूरू गरेको छ। यस विन्टर कोचिङ क्याम्पमा विशेष इंग्ल्याण्डबाट आईएएफएफ लाइसेन्स रहेको कोच मिस्टर रिचार्ड उपस्थित भएर नानीहरुलाई फुटबल कोचिङ गराइरहेका छन्| यस विन्टर फुटबल कोचिङ क्याम्पमा पचासजनाभन्दा बेसी नानीहरूलाई फुटबल कोचिङ दिरहेको छ। यो कोचिङ क्याम्प आगामी 15 दिनसम्म चल्ने भनी हिलस फुटबल एकाडमीको प्रमुख प्रशिक्षक एवं निदेशक नगेन तामाङले जानकारी गराएका छन्|

## हिल तराई डुवर्स प्लान्टेसन युनियन

हिल तराई डुवर्स प्लान्टेसन लेबर युनियनका अध्यक्ष जे बी तामाङलेले आज रंगली रंगलियट चिया बगानका श्रमिकहरूको बाँकी रहेको ५.९ करोड तलब भुक्तानीको बारेमा पत्रकार सम्मेलन गरेर यस सम्बन्धमा युनियनले सम्बन्धित विभागलाई पत्र लेख्ने निर्णय गरेको जनाएका छन्| उनले थप बताउँदै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाद्वारा संचालित ट्रेड युनियनले सधैं चिया बगान श्रमिकहरूको पक्षमा काम गरिरहेको अनि उनीहरुले व्यावहारिक परिणाममुखी कार्य गरिरहेको बताएका छन्|

****** ० ******